नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

# नं.१७ गण हे.क्वा. चितवन

## सवारी साधन र पुराना जिन्सी सामानहरुको लिलाम बिक्री सम्वन्धी सिलवन्दी वोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०८/२४ गते ।**

सशस्त्र प्रहरी बल, नेपाल नं.१७ गण हे.क्वा. चितवनमा अवस्थित रहेका तपसिल बमोजिमका विभिन्न सवारी साधन र पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ।

| सि.नं | पुराना सवारी साधनहरुको बिवरण | परिमाण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | बलेरो जिप | १ | ५५०००।- | १०००।- | नामसारी नहुने |
| २. | टाटा मोवाईल | १ | ४००००।- | | नामसारी नहुने |
| ३. | यमाहा वाई.डि. मो.सा. | २ | ६०००।- | | नामसारी नहुने |
| ४. | प्रयोगमा ल्याईसकेका पुराना फर्निचर, ब्याट्री, कम्प्युटर तथा सो संग सम्बन्धित सामानहरु, ईलेक्ट्रोनिक्स आदि जिन्सी सामानहरु | २५ | ३३४६५।- | | |
| ५. | जम्मा | २९ | १३४४६५।- | | |

बोलपत्र फाराम सशस्त्र प्रहरी बल, नेपाल नं.१७ गण हे.क्वा., चितवनबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०७७/०९/१५ गते) को कार्यालय समय भित्र बोलपत्र फाराममा तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम २२ औं दिन (मिति २०७७/०९/१६ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.१७ गण हे.क्वा.,चितवनमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरीनेछ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १०(दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं.१७ गण हे.क्वा.,चितवनको कार्यालय कोड नं. ३१४०५३१०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, चितवनको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय भरतपुर चितवनको धरौटी खाता नं. १३१०२०३०००००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम सरकारी सम्पति बिक्रिबाट प्राप्त राजश्व शिर्षकनं.१४२१२ को राजश्व खाता नं.१०००२०००१०००० मा दाखिला गरी पुराना जिन्सी सामानहरु र सवारी साधनहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने छ । उल्लेखित जिन्सी सामानहरु र सवारी साधनहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस गणमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०५६-४१४०५५मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:-** www.apf.gov.np मा समेत राखिएको छ।